**नेपाली** / ***NEPALI***

**बाट:** रणनीतिक दूरदर्शन समितिका (*Strategic Visioning*) संयुक्त अध्यक्षहरू

**विषय:** *UW–Madison* को रणनीतिक दूरदर्शन समितिले तपाईंको प्रतिक्रिया खोज्दैछ

आदरणीय *UW–Madison* समुदाय,

जनवरीमा घोषणा गरिए अनुसार, कुलपति Mnookin ले ३१ जना संकाय, कर्मचारी, विद्यार्थी र पूर्व छात्रहरू समावेश गरी एक दूरदर्शन समिति गठन गर्नुभएको छ, जसलाई विश्वविद्यालयको अर्को रणनीतिक रूपरेखा बनाउन शुरूवाती अवधारणाहरू बनाउने र सिफारिसहरू विकास गर्ने जिम्मा दिइएको छ। दूरदर्शन समितिले वसन्त सेमेस्टरभरि आफ्नो काममा विचारपूर्वक तरिकाले संलग्न रहँदै आएको छ।

हामी अहिले तपाईंको सहभागिता र सहयोग माग्नको लागि लेख्दैछौं। उच्च शिक्षाको यो गहिरो अनिश्चितताको क्षणमा, दूरदर्शन समितिले ध्यान केन्द्रित गरिरहेको समग्र दृष्टिकोण र दीर्घकालीन सोचलाई अलग राख्न सजिलो हुने थियो। हामीले यो कार्यलाई स्थगित गरेर हालका केही चुनौतीपूर्ण समस्याहरू केही हदसम्म समाधान नभएसम्म पर्खिने विचार गरेका थियौं।

तर हाम्रो उद्देश्य र हाम्रो भविष्यको बारेमा विचार गर्दा, हाम्रा आगामी रणनीतिक रूपरेखा समयमै विकास गर्ने प्रतिबद्धता अझ बलियो भयो। हामी विश्वास गर्दछौं र हामी आशा गर्दछौं कि तपाई पनि यसमा सहमत हुनुहुनेछ, कि हाम्रो उद्देश्यको मान्यताको अर्थ यो हो कि, हामीले यस क्षणको आवश्यकता प्रति प्रतिक्रिया दिन जारी राख्ने क्रममा पनि *UW–Madison* को भविष्यलाई रणनीतिक रूपमा योजना बनाउन अघि बढ्नु महत्त्वपूर्ण छ।

दूरदर्शन समितिको हालसम्मको काम विभिन्न स्रोतहरू मार्फत सूचित भएका छन् जसमा समावेश छन् समिति छलफल; क्याम्पस अगुवा र राष्ट्रिय विज्ञहरू जस्ता क्याम्पसमा रहेका अन्य व्यक्तिहरूसँगको अनतर्क्रिया र वहाँहरूबाट प्राप्त जानकारी; तथा क्याम्पसका विभिन्न सरोकारवालाहरूसँगको कुलपतिले औपचारिक र अनौपचारिक रूपमा गर्नुभएको धेरै छलफलहरू मार्फत प्राप्त ज्ञान। यस मोडमा, समितिले शुरूवाती अवधारणाका विभिन्न वर्गहरू बनाएका छन्, जुनले क्याम्पस भरि अर्थपूर्वक संलग्नता र प्रतिक्रियाको शुरूवाती बिन्दु प्रदान गर्नेछन्।

त्यसैले, हामी तपाईंका कुरा सुन्न चाहन्छौं।

तपाईंले यी शुरूवाती अवधारणाहरूको बारेमा प्रतिक्रिया प्रदान गर्न धेरै अवसरहरू पाउनुहुनेछ, जसको शुरूवात तपाईंले आगामी हप्तामा पाउनुहुने सर्वेक्षणको निमन्त्रणाद्वारा हुनेछ। हामी अप्रिल महिना भरि सामुदायिक छलफलहरूको शृंखला पनि आयोजना गर्नेछौं। ईमेल र क्याम्पसका समाचार माध्यमहरू मार्फत थप जानकारी हेर्दै गर्नुहोला।

हाम्रो लक्ष्य तपाईंसँग मिलेर काम गर्नु हो ताकि हाम्रो भविष्यको कल्पना बनाउन सकियोस्, जसले *UW–Madison* लाई परिभाषित गर्ने विशेषज्ञता, सिर्जनशीलता, र प्रतिबद्धताको ठूलो विविधतालाई झल्काउँदछ। हामी भवदीय रूपमा आशा गर्दछौं कि तपाईंले सर्वेक्षण पूरा गर्न र आगामी समुदायको छलफलहरूमा आफ्नो विचारहरू साझा गर्न समय निकाल्नुहुनेछ।

*UW–Madison* को उत्कृष्टताको उल्लेखनीय देनको निर्माण कसरी गर्न सकिन्छ भन्ने कल्पना गर्न हामी तपाईंसँग काम गर्न उत्साहित छौं।

भवदीय,

Charles Isbell Jr.
प्रोभोस्ट र शैक्षिक मामिलाका उपकुलपति

Lauren Papp
अनुसन्धानका संयुक्त डिन, *School of Human Ecology (SOHE)*

दूरदर्शन समितिका संयुक्त अध्यक्षहरू